# डुङ्गेश्वर गाउंपालिका

## गाउँ कार्यपालिका कार्यालय

**दैलेख**

**कर्णालीप्रदेश , नेपाल**

www.Dungeshworruralmun.gov.np

# डुङ्गेश्वर राजपत्रप्रकाशन सम्बन्धी कार्यविधी २०७५

प्रमाणिकरणमिति : २०७५।३।१७ प्रमाणितगर्नेको दस्तखत :

कार्यपालिकाबाट स्वीकृत मिति :२०७५।३।१५

# डुङ्गेश्वर राजपत्रप्रकाशन सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावनाः**

नेपालको संविधान २०७२तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७५को दफा १०२ को उपदफा (३) बमोजिम गाउपालिकाको बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड डुङ्गेश्वर राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,

पहिलो पटक डुङ्गेश्वर राजपत्र प्रकाशन गर्ने मितिनिर्धारणगर्न, डुङ्गेश्वर राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्थागर्न, डुङ्गेश्वर राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, डुङ्गेश्वर राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, डुङ्गेश्वर राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न डुङ्गेश्वर गाउपालिकाको प्रशासकीय कार्यविधि -नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम डुङ्गेश्वर गाउँ कार्यपालिकाको सिफारिसमा गाउँसभा वाट मिति२०७५।३।१५मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## भाग( १

## प्रारम्भिक

१. **कार्यविधिको नामः**

यस कार्यविधिको नाम**राजपत्रप्रकाशन सम्बन्धीकार्यविधि**, २०७५ रहेको छ ।

२. **कार्य विधि लागू हुनेः**

यो कार्यविधि दोस्रो२०७५।३।१७ गतेको मिति देखि लागू हुनेछ ।

www.Dungeshworrural mun.gov.np

## भाग(२

## डुङ्गेश्वर राजपत्रको भाग र ढाँचा

३. **डुङ्गेश्वरराजपत्रको भागहरू:**

४. डुङ्गेश्वर राजपत्रमा प्रकाशन गर्ने विषय वस्तुलाई अनुसूची -१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ।

५. **डुङ्गेश्वरराजपत्रको ढाँचा:**

डुङ्गेश्वर राजपत्रको ढाँचा अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

६. **खण्डको व्यवस्था:**

डुङ्गेश्वर राजपत्रको खण्डउल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमश:जति वर्ष भयो त्यतिनै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

७. **डुङ्गेश्वरराजपत्रको संख्या:**

(१)डुङ्गेश्वर राजपत्रको संख्या कायम गर्दा क्रमश: संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्ष भरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमश: संख्या राखी अर्को बर्ष शुरु भए पछि नयाँ संख्या बाट शुरु गरिनेछ ।

८. **डुङ्गेश्वरराजपत्रमाप्रकाशनगर्ने सामग्री:**

डुङ्गेश्वर राजपत्र प्रकाशन गर्दा बिषयवस्तु सँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावन (देखि अन्तिम सम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

९. **डुङ्गेश्वर राजपत्र प्रकाशन गर्ने अधिकारी:**

www.Dungeshworruralmun.gov.np

डुङ्गेश्वर गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ। यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा“आज्ञाले,” भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृत स्तरको कर्मचारी लाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ।

**भाग(३**

**डुङ्गेश्वर राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण**

१०. **डुङ्गेश्वरराजपत्रप्रकाशनको जिम्मेवारीः**

(१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई डुगेश्वर राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ।

(२) उपदफा (१)बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र डुगेश्वर राजपत्रप्रकाशन गरिनेछ।

११. **प्रकाशनपूर्व सम्पादनगर्नुपर्नेः**

(१) प्रकाशन हुने सामग्री गाउकार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रतिप्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाईनेछ।

१२. **डुङ्गेश्वर राजपत्रको अभिलेख व्यवस्थापनः**

(१) प्रमाणीकरणभई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ।

(२) उपदफा (१) बमोजिम डुङ्गेश्वर राजपत्रको अभिलेख व्यवस्थापनका लागिछुट्टै पुस्तिका खडागरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ।

www.Dungeshworruralmun.gov.np

## १३. नि:शुल्क रुपमा उपलब्ध गराउनु पर्ने

गाउपालिकाले डुङ्गेश्वर राजपत्रको प्रकाशित प्रति देहायका निकायमा नि:शुल्क रुपमा उपलब्ध गराइनेछ:

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय मामिला तथा सामान्य प्रशासन हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाउपालिकाको सूचनातथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित डुङ्गेश्वर विभाग/महाशाखा/शाखा,र

(ङ) गाउपालिकाका प्रत्येक वडा कार्यालय

## १४. वेभ साइटबाट सार्वजनिकगर्नुपर्ने:

गाउपालिका बाट प्रकाशित डुङ्गेश्वर राजपत्रलाई गाउपालिकाको वेभसाइटमा छुट्टै खण्ड -अलग पोर्टल)निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

## १५. विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्य:

(१)प्रकाशित डुङ्गेश्वर राजपत्र गाउपालिकाका वडाहरु र डुङ्गेश्वर गाउपालिका तहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाइ मार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) डुङ्गेश्वर राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ,

**(क) बार्षिक सदस्यबनाई बिक्री गर्दा:** वडा कार्यालय वा गाउपालिका बाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु. ५५० (पाँच सय पचास मात्र)

**(ख) खुद्रा बिक्री गर्दा डुङ्गेश्वर** राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु.५मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु.१०मात्र



www.Dungeshworruralmun.gov.np

- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.१५मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.२०मात्र
- ५७ देखि ७२ सम्म एक प्रतिको रु.३०मात्र
- ७३ देखि ९६ सम्म एक प्रतिको रु३५मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज ३० पैसाका दरले थप शुल्क लिइनेछ ।

**द्रष्टब्यः** माथि उल्लेखित दर कायम गर्दा नेपाल राजपत्रको प्रचलित बिक्रीदर लाई आधार लिइएको छ । डुङ्गेश्वर सभाले उल्लेखित दरमा औचित्य र आवश्यकताका आधारमा परिमार्जन गर्न सक्नेछ ।

१६. **बिक्री बाट प्राप्त रकम सञ्चितकोष मा जम्मा गर्ने :**

डुङ्गेश्वर राजपत्र बिक्री बापत प्राप्त राजश्व गाउपालिकाको सञ्चितकोषमा जम्मा गरिनेछ ।

१७. **कार्यविधिको व्याख्या:**

यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ गाउकार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१८. **बचाऊः**

यो कार्य विधि लागू हुनु भन्दा अगावै गाउपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्य विधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

www.Dungeshworruralmun.gov.np

# अनुसूची।१

(दफा३ सँग सम्बन्धित)

**डुङ्गेश्वर राजपत्र मा प्रकाशनगर्ने विषयवस्तु र भागहरू**

**भाग-१**

यस भागमा डुङ्गेश्वर गाउसभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

**भाग-२**

यस भागमा कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि,मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को गाउपालिका तह सँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

www.Dungeshworrural mun.gov.np

## अनुसूची- २

(दफा४तथा अनसूची-१को भाग-१ सँग सम्बन्धित)

**डुङ्गेश्वर गाउपालिका**

# डुङ्गेश्वर राजपत्र

खण्डः... संख्याः...मितिः ..../../..

**भाग-१**

डुङ्गेश्वर **गाउपालिका**

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

www.Dungeshworruralmun.gov.np

## अनुसूची २

(दफा४तथा अनसूची-१को भाग-२ सँग सम्बन्धित)

डुङ्गेश्वर गाउपालिका

# डुङ्गेश्वर राजपत्र

खण्डः... संख्याः... मितिः ..../../..

**भाग-२**

**डुङ्गेश्वरगाउपालिका**

कार्यपालिका बाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को डुङ्गेश्वर तह सँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

www.Dungeshworruralmun.gov.np